# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, कार्तिक ७ गते, २०८१ साल (अतिरक्ताङ्क २७

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको सूचना

# प्रदेश सिँचाइ नियमावली, २०८१

आन्तरिक मामिला तथा ..., कोशी प्रदेश

प्रदेश सिँचाइ ऐन, २०७५ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रदेश सिँचाइ नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "आयोजना कार्यालय" भन्नाले संघ र प्रदेश सरकारले विकास गरी प्रदेश सरकारले सेवा सञ्चालन गरेको सिँचाइको हकमा त्यस्तो सिँचाइ सञ्चालन गर्ने आयोजनाको कार्यालय संझनुपर्दछ र सो शव्दले संघ, प्रदेश र स्थानीय सरकारले विकास गरी उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको सिँचाइको हकमा त्यस्तो सिँचाइ सञ्चालन र व्यवस्थापन गर्ने उपभोक्ता संस्थाको कार्यालय र अनुमति प्राप्त व्यक्तिले विकास गरी सञ्चालन र व्यवस्थापन गरेको सिँचाइको हकमा त्यस्तो सिँचाइ सञ्चालन र व्यवस्थापन गर्ने कार्यालय समेत जनाउँछ।

(ख) "उपभोक्ताद्वारा सञ्चालित प्रणाली" भन्नाले सरकारी वा गैरसरकारी संस्थाद्वारा निर्माण भई पूर्ण रूपमा उपभोक्ता संस्थाद्वारा सञ्चालित सिँचाइ प्रणाली सम्झनुपर्छ ।

(ग) **"उपशाखा नहर"** (Distributary or Sub-secondary Canal) भन्नाले मूल वा शाखा नहरबाट निस्कने र एक सय हेक्टर देखि पाँच सय हेक्टरसम्म सिँचाइ क्षेत्र भएको नहरलाई सम्झनुपर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) “ऐन” भन्नाले प्रदेश सिँचाइ ऐन, २०७५ सम्झनुपर्छ ।

(ङ) “कार्य समिति” भन्नाले नियम २७ बमोजिम दर्ता भएको उपभोक्ता संस्थाको कार्य समिति सम्झनुपर्छ ।

(च) **“कुलेसो”** (Field Channel) भन्नाले मूल वा शाखा वा उपशाखा वा प्रशाखा नहरहरू वा कुनै कुलोबाट निस्कने र चार हेक्टरभित्रका प्रत्येक खेतमा पानी पुऱ्याउने कुलेसोलाई सम्झनुपर्छ ।

(छ) **“कुलो”** (Watercourse) भन्नाले मूल वा शाखा वा उपशाखा वा प्रशाखा कुनै नहरबाट निस्कने र चार हेक्टरभन्दा माथि तीस हेक्टरसम्म सिँचाइ क्षेत्र भएको कुलोलाई सम्झनुपर्छ ।

(ज) “डिभिजन कार्यालय” भन्नाले प्रदेश सरकारको सिँचाइसँग सम्बन्धित कार्य गर्ने डिभिजन कार्यालय सम्झनुपर्छ ।

(झ) “नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणाली” भन्नाले सिँचाइको प्रयोजनार्थ पानी संकलन, प्रवाहीकरण (Conveyance), भण्डारण, वितरण तथा प्रयोगमध्ये एक, केही वा सबै कार्यमा परम्परागतभन्दा पृथक प्रविधि प्रयोग हुने सिँचाइ प्रणालीलाई सम्झनुपर्छ ।

(ञ) “प्रणाली” भन्नाले सिँचाइ प्रयोजनका लागि बनेको वा बन्ने संरचना र सिँचाइ क्षेत्रसहितको सम्पूर्ण इकाइलाई सम्झनुपर्छ र यस शब्दले निर्माण पूरा भई सञ्चालनमा रहेको सिँचाइ प्रणालीसमेतलाई जनाउँछ ।

(ट) “परम्परागत सिँचाइ प्रणाली” भन्नाले किसानद्वारा निर्मित एवं सञ्चालित प्रणालीका साथै नदी, खोला तथा पानीका स्रोतमा बाँध बनाई कुलो÷नहरद्वारा सिँचाइ गर्ने, ट्युबवेलको माध्यमद्वारा भूमिगत पानी प्रयोग गरी सिँचाइ गर्ने प्रणालीलाई सम्झनुपर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ठ) **"प्रशाखा नहर"** (Minor or Tertiary Canal) भन्नाले मूल वा शाखा वा उपशाखा कुनै नहरबाट निस्कने र तीस हेक्टरभन्दा माथि एक सय हेक्टरसम्म सिँचाइ क्षेत्र भएको नहरलाई सम्झनुपर्छ ।

(ड) "भूमिगत जल सिँचाइ प्रणाली" भन्नाले सिँचाइमा प्रयोग गर्ने पानीका लागि डिप ट्युबवेल, पावर ड्रिल ट्युबवेल वा स्यालो ट्युबवेल, इनार आदिको निर्माणका साथै जमिनमुनिको पानी तान्न जडान गरिने विद्युतीकरण वा वैकल्पिक ऊर्जाद्वारा सञ्चालित पम्प, ओभरहेड ट्यांक, पम्पघर र पानी वितरण प्रणालीसहितको संरचनालाई सम्झनुपर्छ ।

(ढ) "मन्त्रालय" भन्नाले खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेशलाइ सम्झनुपर्छ।

(ण) "मर्मत सम्भार" भन्नाले सिँचाइ प्रणालीहरूको नियमित, आवधिक र आकस्मिक मर्मत सम्भार गर्ने कार्य सम्झनुपर्छ ।

(त) "महाशाखा" भन्नाले प्रदेश सरकारको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयको सिँचाइ हेर्ने सम्बन्धित महाशाखा सम्झनुपर्छ ।

(थ) "मूल नहर" (Main Canal) भन्नाले मुहानबाट निस्कने नहरलाई सम्झनुपर्छ।

(द) "लिफ्ट सिँचाइ प्रणाली" भन्नाले सिँचाइ गर्नुपर्ने क्षेत्रभन्दा कम उचाइमा रहेको पानीको स्रोतबाट विद्युतीय वा अन्य ऊर्जाको उपयोग गरी सिँचाइ गर्नुपर्ने क्षेत्रमा पानी पुऱ्याउने योजनालाई सम्झनुपर्छ ।

(ध) **"शाखा नहर"** (Branch or Secondary Canal) भन्नाले मूल नहरबाट निस्कने नहरलाई सम्झनुपर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(न) “सञ्चालक” भन्नाले आयोजना÷प्रणालीसम्बन्धी निर्माण र व्यवस्थापनका लागि कानूनी रूपले जिम्मेवार व्यक्ति वा समूह सम्झनुपर्छ ।

(प) “सिँचाइ प्रणालीको सुदृढीकरण” भन्नाले सिँचाइ प्रणालीहरूको सुधार, पुनःस्थापना, आधुनिकीकरण, विस्तारजस्ता कार्यक्रमहरू सम्झनुपर्छ ।

(फ) “सेवा” भन्नाले आयोजनाबाट उपभोक्तालाई उपलब्ध गराइएको सिँचाइ सेवा सम्झनुपर्छ ।

(ब)“स्थानीयतह”भन्नालेगाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगर पालिका सम्झनुपर्छ ।

(भ) “संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ ।

## परिच्छेद- २

## अनुमतिपत्रसम्बन्धी व्यवस्था

३. **सिँचाइ प्रणालीको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने:** (१) ऐनको दफा ७ को उपदफा (१) बमोजिम सिँचाइ प्रणालीको निर्माण र विकासका लागि सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संस्थाले अनुसूची- १ बमोजिमको ढाँचामा प्रस्तावित आयोजनासँग सम्बन्धित देहायका विवरणहरू खुलाई महाशाखासमक्ष तीन प्रति दरखास्त फाराम पेश गर्नुपर्नेछ ।

(क) आयोजनाको विवरण

(ख) सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संस्थाको विवरण (सञ्चालकहरूको नाम, थर, वतन र नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरसमेत स्पष्ट रूपमा खुलाउनुपर्छ),

(ग) आयोजना रहने स्थानको नक्सा (मुख्य-मुख्य संरचनासमेत देखिने),

(घ) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) आयोजनाबाट सिँचाइ हुने कुल क्षेत्रफल,

(च) आयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(छ) सर्वेक्षण गरिने जलस्रोतका क्षेत्र,

(ज) आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित कूल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत),

(२) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची-५ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुरबापत बुझाउनुपर्नेछ ।

४. <u>दरखास्तउपर जाँचबुझः</u> (१) नियम ३ बमोजिम दरखास्त परेपछि ऐन र यस नियमावलीबमोजिम दरखास्तवालाले दरखास्तसाथ पेस गर्नुपर्ने आवश्यक कागजात र विवरण पेस गरे नगरेको सम्बन्धमा महाशाखाले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेस गर्नुपर्ने कुनै कागजात वा विवरण पेस गरेको रहेनछ भने त्यस्तो कागजात वा विवरण पेस गर्न महाशाखाले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त परेको मितिले तीस दिनभित्र सूचना दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात वा विवरण पेस गर्न महाशाखाले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै ऐनको दफा ७ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

५. <u>सर्वेक्षण अनुमतिपत्र दिनेः</u> नियम ३ बमोजिम परेको दरखास्तउपर नियम ४ बमोजिम महाशाखाले आवश्यक जाँचबुझ गरेपछि ऐनको दफा ७ को उपदफा (३) बमोजिम अनुमतिपत्र दिन मनासिब नदेखिएमा बाहेक दरखास्तावालाको मागअनुसार वा आवश्यक भए संशोधनसमेत गरी अनुसूची- २ बमोजिमको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

ढाँचामा दरखास्तवालालाई सिँचाइको लागि जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनुपर्नेछ ।

६. **<u>सर्वेक्षण प्रतिवेदन पेस गर्नुपर्ने</u>:** नियम ५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन महाशाखासमक्ष पेस गर्नु पर्नेछ ।

७. **<u>दोहोरो सर्वेक्षण अनुमतिपत्र नदिइने</u>:** नियम ५ बमोजिम दिइएको सर्वेक्षण अनुमतिपत्रमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही सिँचाइ प्रणालीको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई दोहोरो पर्ने गरी अनुमतिपत्र दिइने छैन ।

८. **<u>सिँचाइ प्रणालीको विकासको लागि अनुमतिपत्रको लागि दरखास्त दिने</u>:** (१) सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सिँचाइ प्रणालीको विकास, निर्माण, सञ्चालन, व्यवस्थापन र वितरणमध्ये सम्पूर्ण वा केही कार्य गर्न चाहेमा नियम ६ बमोजिम सर्वेक्षण प्रतिवेदन पेस गरेको नब्बे दिनभित्र अनुसूची- ३ बमोजिमको ढाँचामा प्रस्तावित आयोजनासँग सम्बन्धित देहायको विवरणहरू खुलाई महाशाखासमक्ष तीन प्रति दरखास्त फाराम पेश गर्नुपर्नेछः

(क) आयोजनाको विस्तृत विवरण (आयोजनास्थलको नक्सा, उपयोग गरिने पानीको स्रोत, आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, आयोजनाको सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम, आयोजनाको अन्तिम स्वामित्व रहने व्यक्ति वा संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरूको नाम, थर, वतन र नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरसमेत स्पष्ट रूपमा खुलेको),

(ख) सम्भाव्यताको विश्लेषण (आयोजनाको विस्तृत नक्सासहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरूको विवरण),

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ग) वित्तीय व्यवस्था (आयोजनाको अनुमानित वित्तीय व्यवस्था, आयोजनाका लगानीकर्ताहरूको आर्थिक हैसियत, आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरूको प्रतिबद्धता र लगनीकर्ताहरूको दायित्व तथा सेयर पुँजी र ऋणको प्रतिशत),

(घ) घरजग्गाको उपयोग वा प्राप्ति (आयोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरूको लगत),

(ङ) वातावरणीय प्रभाव विश्लेषण (आयोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरू तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरू, आयोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, आयोजनासम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा सञ्चालन एवम् सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्मक व्यवस्थाहरू तथा आयोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरूलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्थासमेत स्पष्ट रूपमा खुलेको),

(च) अन्य आवश्यक कुराहरू ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

९. <u>सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने</u> : (१) नियम ८ बमोजिम सिँचाइ प्रणालीको विकासको लागि जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि महाशाखाले नियम ४ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरू खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि सिँचाइ प्रणालीको विकासको लागि जलस्रोतको उपयोगसँग सम्बन्धित आयोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरू खुलाई सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित महाशाखासमक्ष जोसुकैले पनि निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी महाशाखाले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यून गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नुपर्ने कुराहरू अनुमतिपत्र दिंदा तोकिदिनु पर्नेछ।

१०. **अनुमतिपत्र दिने:** नियम ८ बमोजिमको दरखास्तउपर नियम ९ बमोजिमको कार्यविधि पूरा गरी गराई महाशाखाले ऐनको दफा ६ को उपदफा (३) बमोजिम अनुमतिपत्र दिन मनासिब नदेखिएमा बाहेक दरखास्तवालाको मागबमोजिम वा आवश्यक भए संशोधनसमेत गरी अनुसूची- ४ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोतको उपयोगको विकाससम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ।

११. **जलस्रोतमाथि अधिकार कायम हुने:** यस नियमावलीबमोजिम जलस्रोतको उपयोगसम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई अनुमतिपत्रमा उल्लेख भएबमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको सिँचाइ प्रणालीको विकासको लागि जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

१२. **कार्य सुरु गर्नुपर्ने अवधि** : (१) सर्वेक्षणका लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले तीन महिनाभित्र भौतिक रूपमा कार्य सुरु गरी सोको जानकारी महाशाखालाई दिनुपर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर म्यादभित्र कार्य सुरु गर्न नसकेको कारण खोली सर्वेक्षणका लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले निवेदन दिएमा महाशाखाले जाँचबुझ गरी त्यस्तो कारण उचित र यथेष्ट देखेमा बढीमा तीन महिनासम्म म्याद थप गर्न सक्नेछ ।

(२) जलस्रोतको उपयोगसम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले एक वर्षभित्र भौतिक रूपमा कार्य सुरु गरी सोको जानकारी महाशाखालाई दिनु पर्नेछ।

तर एक बर्षभित्र कार्य सुरु गर्न नसकेको कारण जलस्रोतको उपयोगसम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले निवेदन दिएमा महाशाखाले जाँचबुझ गरी त्यस्तो कारण उचित र यथेष्ट देखेमा बढीमा एक वर्षसम्म म्याद थप गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिमको कार्य सुरु भएपछि प्रत्येक छ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म महाशाखासमक्ष पठाउनुपर्नेछ ।

१३. <u>अनुमतिपत्र बहाल रहने अवधि</u> : (१) सर्वेक्षणका लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा तोकिएको अबधिभित्र सर्वेक्षण कार्य सम्पन्न गर्नु पर्नेछ।

तर तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसक्ने कारण खोली सर्वेक्षणका लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले निवेदन दिएमा महाशाखाले जाँचबुझ गरी त्यस्तो कारण उचित र यथेष्ट देखेमा अनुमतिपत्रमा बढीमा सुरुमा तोकिएको अवधि बराबरसम्मको म्याद थप गर्न सक्नेछ ।

(२) जलस्रोतको उपयोगसम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्रमा संघीय कानुनले तोकेको अवधिभित्र सम्पन्न गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

तर तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसक्ने कारण खोली जलस्रोतको उपयोगसम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले निवेदन दिएमा महाशाखाले जाँचबुझ गरी त्यस्तो कारण उचित र यथेष्ट देखेमा अनुमतिपत्रमा बढीमा सुरुमा तोकिएको अवधि बराबर सम्मको म्याद थप गर्न सक्नेछ ।

१४. **अनुमतिपत्र दस्तुर** : यस नियमावली बमोजिम जलस्रोतको उपयोगसम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची- ५ बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनुपर्नेछ ।

१५. **अनुमतिपत्र नवीकरण** : (१) यस नियमावलीबमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्रको नवीकरण गर्नुपर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गर्दा अनुसूची- ५ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

१६. **अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने**:(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा महाशाखासमक्ष निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदनउपर महाशाखाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संस्थाको नाउँमा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

१७. **अनुमतिपत्र खारेज गर्न सक्ने** :(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लिखित शर्तहरू पालना नगरेमा वा शर्त विपरीत काम गरेमा

प्रदेश सिँचाइ ऐनको दफा ३३ को उपदफा (१) बमोजिम सिँचाइ हेर्ने सम्बन्धित महाशाखा प्रमुखले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र खारेज गर्दा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई तीस दिनको म्याद दिई आफ्नो सफाइ पेस गर्न मौका दिनु पर्नेछ ।

१८. **<u>वार्षिक शुल्कः</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराएबापत प्रदेश सरकारलाई बुझाउनुपर्ने वार्षिक शुल्क अनुसूची- ६ बमोजिम हुनेछ ।

## परिच्छेद- ३

## सिँचाइ आयोजनाको छनोट, निर्माण, व्यवस्थापन तथा संरक्षण

१९. **आयोजना मागको लागि निवेदन दिनुपर्ने** : (१) सिँचाइ आयोजना सञ्चालन गर्न चाहने कृषक समूह वा तदर्थ समितिले आयोजना मागको लागि स्थानीय तहको सिफारिससहित सम्बन्धित सिँचाइ डिभिजनमा अनुसूची- ७ को ढाँचामा निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम पेस हुने निवेदनको साथमा अनुसूची- ८ बमोजिमको विवरण फाराम संलग्न हुनु पर्नेछ।

२०. **आयोजनाको अध्ययन गरिने** : नियम १९ को उपनियम (१) बमोजिम प्राप्त निवेदन वा सिँचाइ डिभिजन आफैंले पहिचान गर्नुपर्ने भनी ठानेको सिँचाइ आयोजनाहरूको निर्माण गर्नुपूर्व अध्ययन गरी/गराई प्राथमिकीकरण गर्नु पर्नेछ।

२१. **आयोजना अध्ययनका चरणहरू** : (१) नियम २० बमोजिम गर्ने/गराउने अध्ययन निम्न चरणहरूमा गर्नु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

क. आयोजना पहिचान (Identification Study)

ख. पूर्वसम्भाव्यता अध्ययन (Pre-feasibilty Study)

ग. सम्भाव्यता अध्ययन वा इन्जिनियरिङ डिजाइन, लागत अनुमानसहित विस्तृत सम्भाव्यता अध्ययन (Feasibility study/Detailed Feasibility Study with Detailed Engineering Design and Cost Estimate)

घ. विस्तृत इन्जिनियरिङ डिजाइन र लागत अनुमान (Detailed Engineering Design and Cost Estimate)

२२. **<u>आयोजना अध्ययनमा अवलम्बन गरिने चरणहरू</u>** : (१) नियम २० बमोजिम आयोजना अध्ययन गर्दा सामान्यतया निम्नानुसारका चरणहरू अवलम्बन गर्नु पर्नेछः

क. पहाडमा ५०० हेक्टरसम्म र तराईमा २००० हेक्टरसम्म सिँचाइ क्षेत्र भएको आयोजनाका लागि आयोजना पहिचान (Identification Study) तथा इन्जिनियरिङ डिजाइन, लागत अनुमानसहित विस्तृत सम्भाव्यता अध्ययन (Detailed Feasibility Study with Detailed Engineering Design and Cost Estimate)

ख. पहाडमा ५०० हेक्टरभन्दा बढी र तराईमा २००० हेक्टरभन्दा बढी सिँचाइ क्षेत्र भएको आयोजनाका लागि आयोजना पहिचान (Identification Study), पूर्वसम्भाव्यता अध्ययन (Pre-feasibilty Study) तथा इन्जिनियरिङ डिजाइन, लागत अनुमानसहित विस्तृत सम्भाव्यता अध्ययन (Detailed Feasibility Study with Detailed Engineering Design and Cost Estimate)

ग. बहुउद्देश्यीय जलाशययुक्त आयोजना/अन्तर जलाधार पथान्तरण आयोजनाका लागि आयोजना पहिचान (Identification Study),

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

पूर्वसम्भाव्यता अध्ययन (Pre-feasibilty Study), सम्भाव्यता अध्ययन (Feasibility study) तथा विस्तृत इन्जिनियरिङ डिजाइन र लागत अनुमान (Detailed Engineering Design and Cost Estimate)

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययनका क्रममा आयोजनाको जटिलता र आवश्यकताको आधारमा सम्बन्धित सिँचाइ डिभिजन प्रमुखले अध्ययनका चरणहरू थपघट गर्न सक्नेछ ।

२३. <u>आयोजना प्राथमिकीकरण</u> : (१) नियम २० बमोजिम अध्ययन गरी निर्माण/कार्यान्वयनका लागि प्राविधिक, आर्थिक र सामाजिक परिप्रेक्ष्यमा सम्भाव्य देखिएका आयोजनाहरूको प्राथमिकीकरण अनुसूची- ९ मा उल्लेख भएबमोजिम गरिनेछ ।

(२) उपनियम (१) बमोजिम प्राथमिकीकरण गरिएका आयोजनाहरू प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गरिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले सामाजिक न्याय एवं क्षेत्रीय सन्तुलनका दृष्टिले उपयुक्त देखेमा कुनै पनि आयोजना कार्यान्वयन गर्न सक्नेछ ।

२४. <u>जनसहभागिता</u> : (१) उपभोक्ताले आयोजना निर्माणको लागत अनुमानको अनुसूची - १० बमोजिमको लगानीको अंश व्यहोर्नु पर्नेछ ।

(२) प्रदेश सरकारले विकास निर्माण गर्ने कुनै सिँचाइ आयोजनाको नहर, शाखा नहर वा प्रशाखा नहरबाट उपभोक्ताको जमिनमा पानी पुऱ्याउने प्रयोजनको लागि निर्माण गरिने कुलो वा कुलेसोको लागि आवश्यक पर्ने जमिन सम्बन्धित उपभोक्ताले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(३) उपभोक्ता संस्थाले उपनियम (२) बमोजिम जमिन हस्तान्तरण भएको जानकारी सम्बन्धित सिँचाइ डिभिजनलाई दिनु पर्नेछ।

(४) सिँचाइ डिभिजनले उपनियम (३) बमोजिम प्राप्त जानकारीका आधारमा हस्तान्तरित जमिनको लगत कट्टा र मालपोत मिनाहाको लागि कारबाही चलाउनु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम हस्तान्तरित जमिनको प्रचलित मूल्य कायम गरी सम्बन्धित उपभोक्ताले उपनियम (१) बमोजिम व्यहोर्नुपर्ने रकममा समायोजन गरिनेछ ।

(६) कुलो कुलेसोको निर्माणमा जमिन पर्ने तर सिँचाइ सुविधा नपाउने कृषकलाई प्रचलित दर बमोजिम हुन आउने जमिनको मूल्य बराबरको रकम उपभोक्ता संस्थाको संकलित रकमबाटै भुक्तानी गर्नु पर्नेछ।

(७) उपनियम (२) बमोजिम हस्तान्तरित जमिनको प्रचलित मूल्य उपनियम (१) बमोजिम उपभोक्ताले बेहोर्नु पर्ने लगानीको अंश बापत हुने कूल रकमभन्दा बढी भएमा उक्त बढी रकम प्रदेश सरकारले उपभोक्ता संस्थालाई भुक्तानी गर्नेछ ।

(८) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिमको रकम उठ्ने निश्चित नभएसम्म कुलो वा कुलेसो निर्माण कार्य सुरु गरिने छैन ।

२५. <u>उपभोक्ता संस्थासँग समझदारी तथा सम्झौता गर्नुपर्नेः</u> (१) निर्माण कार्यको प्रक्रिया सुरु हुनु अगावै उपभोक्ताले व्यहोर्नुपर्ने लागत रकम खुलाई उपभोक्ता संस्थासँग समझदारी (Memorandum of Understanding) गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समझदारीपत्रमा हस्ताक्षर पश्चात् उपभोक्ताले गर्ने जनसहभागिता बापतको काम वा नगद वा दुवैको अंश प्रष्टसँग खुलाई उपभोक्तासँग सम्झौता गर्नु पर्नेछ ।

(३) कार्यान्वयन हुने सिँचाइ आयोजनामा उपनियम (१) बमोजिम उपभोक्ताले व्यहोर्नुपर्ने कूल लागत रकमको दश प्रतिशतले हुन आउने रकम उपभोक्ता संस्थाले सम्झौता हुनु अगावै उपभोक्ता संस्थाको मर्मत सम्भार कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम जम्मा गरिने कोषको रकम सम्बन्धित सिँचाइ डिभिजनले तोकेको बैंकमा जम्मा गरी भौचर उपभोक्ता संस्थासँग सुरक्षित राखी सोको प्रतिलिपि सिँचाइ डिभिजनमा पेस गर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम जम्मा गरिएको रकम आयोजनाको निर्माण सम्पन्न भएको मितिले एक वर्षसम्म खर्च गर्न पाइने छैन ।

(६) उपनियम (३) बमोजिम जम्मा गरिएको रकम सम्बन्धित सिँचाइ आयोजनाको मर्मत सम्भारमा मात्र खर्च गर्न पाइनेछ ।

२६. <u>निजी क्षेत्रसँग सहकार्य गर्न सकिने</u> : (१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले कुनै खास सिँचाइ प्रणालीको पहिचान, छनोट, निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, सुधार वा व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको आधारमा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सहकार्य गर्दा प्रदेश सरकार, निजी क्षेत्र र स्थानीय जल उपभोक्ता संस्थाको स्वपूँजी (इक्विटी) रहने गरी कम्पनीसम्बन्धी प्रचलित कानूनबमोजिम पब्लिक लिमिटेड कम्पनी खडा गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सिँचाइ प्रणालीको पहिचान, छनोट, सर्वेक्षण, निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार वा व्यवस्थापन गर्न चाहने व्यक्तिले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

कम्पनीसम्बन्धी प्रचलित कानूनबमोजिम पब्लिक लिमिटेड कम्पनी स्थापना गरी अनुमतिका लागि मन्त्रालयसमक्ष निवेदन दिनु पर्नेछ।

**परिच्छेद- ४**

**उपभोक्ता संस्था तथा आयोजना हस्तान्तरणसम्बन्धी व्यवस्था**

२७. **जल उपभोक्ता संस्थाको दर्ता** : (१) देहायबमोजिमका सिँचाइ प्रणालीका उपभोक्ताहरूले कम्तीमा तेत्तीस प्रतिशत महिलाका अतिरिक्त उपलब्ध भएसम्म तेत्तीस प्रतिशत दलित, उत्पीडित र पिछडिएका आदिवासी जनजातिसहित सातदेखि एघार जनासम्मको कार्यसमिति गठन गरी उपभोक्ता संस्थाको दर्ताको लागि अनुसूची- ११ बमोजिमको ढाँचामा सम्बन्धित सिँचाइ डिभिजनमा दरखास्त दिनु पर्नेछः-

(क) नयाँ निर्माणका लागि स्वीकृत आयोजना,

(ख) संघ, प्रदेश र स्थानीय सरकारले निर्माण गरी सञ्चालन गरेको आयोजना,

(ग) संघ, प्रदेश र स्थानीय सरकारले मर्मत सम्भार एवं सुधार गरेको आयोजना,

(घ) कृषक समूहबाट निर्माण भई सञ्चालन भएको आयोजना।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस नियम प्रारम्भ हुनु अघि अन्यत्र दर्ता भई संचालनमा रहेका उपभोक्ता समितिहरूले सम्बन्धित सिंचाई कार्यालयमा निवेदन दिएमा जांचबुझ गरी उपयुक्त देखिएमा उपभोक्ता संस्थाको रूपमा दर्ता गर्नुपर्नेछ।

(३) यस नियमावली अनुसार दर्ता वा अद्यावधिक भएका जल उपभोक्ता समितिहरू यसै नियमावलीमा व्यवस्था भएअनुसार नवीकरण गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम उपभोक्ता संस्था गठन गर्दा जुन नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेसो वा भूमिगत जल सिँचाइ प्रणालीबाट वितरित पानी उपयोग गर्ने हो त्यस्तो नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेसो वा भूमिगत जल सिँचाइ प्रणालीबाट हुने सिञ्चित क्षेत्रको उपभोक्तामध्ये कम्तीमा दुईतिहाई उपभोक्ताको प्रतिनिधित्व हुनुपर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस उपनियमको प्रयोजनको लागि "सिञ्चित क्षेत्र" भन्नाले सिँचाइ प्रणालीको प्रकृति तथा विस्तारका आधारमा नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेसो वा भूमिगत जल सिँचाइ प्रणालीबाट उपभोक्ताका लागि पानी वितरण गर्न निर्माण गरिएको डिभिजन बक्स वा टर्न आउटबाट बहेको पानीले सिञ्चित हुने क्षेत्रलाई सम्झनुपर्छ।

(५) उपनियम (१) र (२) बमोजिम पर्न आएको दरखास्तउपर आवश्यक जाँचबुझ गरी पैंतीस दिनभित्र उपभोक्ता संस्था दर्ता गरी अनुसूची-१२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

तर दरखास्त जाँचबुझ गर्दा कुनै कुरा नमिलेको वा सोही सिञ्चित क्षेत्रको लागि पहिले नै उपभोक्ता संस्था दर्ता भइसकेको वा प्रचलित कानूनबमोजिम दर्ता गर्न नमिल्ने अवस्था भएमा दरखास्त परेको पैंतीस दिनभित्र सोही व्यहोराको जानकारी सम्बन्धित उपभोक्तालाई दिनुपर्नेछ ।

(६) यस नियमावलीबमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरूलाई सम्बन्धित कार्यालयबाट उपभोक्ता संस्थाको कार्यप्रक्रिया र आयोजना सम्बन्धमा आधारभूत अभिमुखीकरण तालिम प्रदान गर्न सकिनेछ।

२८. <u>उपभोक्ता संस्थाको निर्वाचन तथा कार्य समिति विघटन</u> : (१) उपभोक्ता संस्थाको कार्य समितिको पदाधिकारीको निर्वाचन सो संस्थाको विधानमा उल्लेख भएबमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपभोक्ता संस्थाका पदाधिकारीको पदावधि बढीमा तीन वर्षको हुनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता संस्थाको दुई तिहाइ साधारण सदस्यको निर्णयले कुनै सिँचाइ प्रणालीको प्रभावकारी रूपमा सञ्चालन गर्न नसकेको आधारमा कार्य समिति विघटन गरी अर्को नयाँ कार्यसमिति बनाउन सक्नेछ ।

(४) कुनै कार्य समितिले यस नियमावली वा स्वीकृत विधानविपरीत काम गरेको पाइएमा सम्बन्धित सिँचाइ डिभिजनले त्यस्तो कार्य समितिलाई बढीमा पन्ध्र दिनको म्याद दिई कारणसहितको जवाफ माग गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम दिइएको म्यादभित्र जवाफ पेस नगरेमा वा पेस गरेको जवाफ सन्तोषजनक नभएमा सम्बन्धित सिँचाइ डिभिजनले त्यस्तो कार्य समिति विघटन गर्न उचित र पर्याप्त कारणसहित मन्त्रालयसमक्ष सिफारिस गर्नेछ ।

(६) उपनियम (५) बमोजिम कुनै कार्य समिति विघटन गर्न सिफारिस भई आएमा मन्त्रालयले उपयुक्त कारण र औचित्यको आधारमा त्यस्तो कार्य समिति विघटन गर्ने स्वीकृति दिन सक्नेछ र सम्बन्धित सिँचाइ डिभिजनले सो स्वीकृतिको आधारमा कार्यसमिति विघटन गर्नेछ ।

(७) नियम ३३ को उपनियम (१), (२) र (३) बमोजिमको म्यादभित्र नवीकरण नभएका कार्य समिति स्वतः विघटन भएको मानिनेछ ।

(८) यस नियमबमोजिम विघटन भएका कार्यसमितिको नयाँ निर्वाचन नभएसम्म त्यस्तो सिँचाइ प्रणालीलाई ऐन र नियमावलीबमोजिमको कुनै सुविधा उपलब्ध गराइने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(९) उपनियम (३), (६) वा (७) बमोजिम कुनै कार्यसमिति विघटन भएकोमा सम्बन्धित सिँचाइ डिभिजनले आफ्नो प्रत्यक्ष रेखदेखमा स्थानीय तहको प्रतिनिधिको रोहबरमा उपभोक्ता संस्थाको कम्तिमा दुई तिहाइ साधारण सदस्यहरूको उपस्थितिमा नयाँ कार्यसमितिको निर्वाचन गराउनुपर्नेछ ।

(१०) उपनियम (९) बमोजिम नया कार्यसमिति निर्वाचित भएपछि त्यस्तो उपभोक्ता संस्थाको नवीकरण नभएको भए प्रत्येक आ.व.को रु. २०००।- विलम्ब शुल्क लिई उक्त संस्था नवीकरण गर्न सकिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२९. <u>उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार</u> : (१) उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आफूले सञ्चालन गरेको सिँचाइ प्रणालीको मर्मत सम्भार सञ्चालन तथा व्यवस्थापन गर्ने,

तर सिँचाइ प्रणालीलाई असर पर्ने गरी भौतिक संरचना यन्त्र उपकरण आदिको फेरबदल वा हेरफेर गर्न परेमा सम्बन्धित सिँचाइ डिभिजनको पूर्वस्वीकृति लिनुपर्नेछ।

(ख) बालीको किसिम र जमिनको अवस्थाअनुसार उपभोक्ता कृषकहरूलाई ठीक समयमा उचित मात्रामा सिँचाइको लागि पानी उपलब्ध गराउने,

(ग) सेवा उपलब्ध हुन नसकेका जग्गाको लगत राख्ने र त्यस्ता उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क मिनाहाको लागि सिफारिस गर्ने,

(घ) पहिले सेवा प्राप्त गरिरहेका उपभोक्तालाई मर्का नपर्ने गरी अरू नयाँ कृषक उपभोक्तालाई पानी वितरण गर्ने,

(ङ) सिँचाइ प्रणालीको मर्मत सम्भारमा जनसहभागिता परिचालन गर्ने,

(च) पानीको आपूर्तिलाई विचार गरी सिँचाइ क्षेत्र वृद्धि गर्न थप संरचनाको निर्माण गर्ने,

(छ) उपभोक्तासँग सेवा शुल्क उठाई सम्बन्धित सिँचाइ डिभिजनले तोकिदिएको स्थानमा जम्मा गर्ने,

(ज) सेवा शुल्क नबुझाउने उपभोक्तालाई सेवाबाट वञ्चित गर्ने, विलम्ब शुल्क लिने र सोको जानकारी सम्बन्धित सिँचाइ डिभिजनलाई दिने,

(झ) सिँचाइ प्रणाली र सोको संरचना कसैले भत्काएमा वा बिगारेमा, हेरफेर गरेमा, अवरोध गरेमा वा त्यस्तो कार्य गर्न लागेको जानकारी हुन आएमा सो सम्बन्धी सूचना सम्बन्धित सिँचाइ डिभिजनलाई दिने ।

(२) उपनियम (१) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा कुनै किसिमको प्राविधिक परामर्शको आवश्यक भएमा उपभोक्ता संस्थाले सम्बन्धित सिँचाइ डिभिजनमा अनुरोध गर्न सक्नेछ र यसरी अनुरोध भई आएमा सम्बन्धित सिँचाइ डिभिजनले आवश्यक प्राविधिक परामर्श उपलब्ध गराइ दिनुपर्नेछ ।

(३) उपभोक्ता संस्थाले उपनियम (१) बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केही काम, कर्तव्य र अधिकार सेवा उपभोग गरिरहेका उपभोक्ताहरूमध्येबाट विभिन्न उपसमिति गठन गरी सो उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३०. <u>अभिलेख अद्यावधिक राख्नुपर्ने</u> : (१) उपभोक्ता संस्थाले आफूले उपलब्ध गराएको सेवा उपभोग गरेबापत उपभोक्ताले तिर्नु बुझाउनुपर्ने सेवा शुल्कलगायत मर्मत सम्भारमा भएको खर्चसमेत देखिने गरी आफ्नो कोषको अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र उपभोक्ता संस्थाको आर्थिक विवरण र सो आर्थिक वर्षमा उपभोक्तालाई उपलब्ध गराएको सेवाको पूर्ण विवरणसहितको प्रतिवेदन सम्बन्धित सिँचाइ डिभिजनसमक्ष पेस गर्नुपर्नेछ ।

३१. **जल उपभोक्ता समन्वय संस्थाको गठनः** (१) विभिन्न नहरहरूको सञ्जाल रहेको ठूला प्रणालीमा नहर, शाखा नहर वा प्रशाखा नहरबाट बगेको पानी प्रयोग गर्ने उपभोक्ता संस्थाले त्यस्तो सिँचाइ प्रणालीको प्रकृति तथा विस्तारका आधारमा आ-आफ्नोतर्फबाट एक-एक जना प्रतिनिधि रहने गरी एउटा नहर, शाखा नहर वा प्रशाखा नहरको हकमा एउटा उपभोक्ता समन्वय संस्थाको गठन गरी सोको जानकारी जिल्ला सिँचाइ उपभोक्ता महासंघ र सम्बन्धित सिँचाइ डिभिजनलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन भएको उपभोक्ता समन्वय संस्थाले त्यस्तो नहर, शाखा नहर वा प्रशाखा नहरको सञ्चालन, मर्मत सम्भार र पानी वितरणसम्बन्धी कार्यको समन्वय गर्नेछ ।

३२. **जल उपभोक्ता समन्वय संस्थाको दर्ता** : नियम ३२ बमोजिम गठित उपभोक्ता समन्वय संस्थाको दर्ता नियम २७ बमोजिम हुनेछ । उपभोक्ता समन्वय संस्थाले आफ्नो कार्य सञ्चालन गर्ने विधि तथा अन्य आवश्यक कुरा समन्वय संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ।

३३. **जल उपभोक्ता संस्थाको नवीकरण** : (१) यस नियमावली बमोजिम दर्ता भएका प्रत्येक उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र महालेखा परीक्षकको कार्यालयबाट मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदन र वार्षिक प्रतिवेदन संलग्न गरी सम्बन्धित सिँचाइ डिभिजनमा नवीकरणको लागि दरखास्त दिनुपर्नेछ ।

(२) कुनै कारणबाट उपनियम (१) बमोजिमको म्यादभित्र दरखास्त दिन नसकेमा सोसमेत खुलाइ एक हजार रुपैयाँ विलम्ब शुल्कसमेत संलग्न गरी थप साठी दिनभित्र नवीकरणको लागि दरखास्त दिनु पर्नेछ ।

(३) कुनै कारणबाट उपनियम (१) र (२) बमोजिमको म्यादभित्र दरखास्त दिन नसकेमा सोसमेत खुलाई दुई हजार रुपैयाँ विलम्ब शुल्कसमेत संलग्न गरी थप तीस दिनभित्र नवीकरणको लागि दरखास्त दिनु पर्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम दरखास्त पर्न आएमा सम्बन्धित सिँचाइ डिभिजनले सात कार्य दिनभित्र नवीकरण गरिदिनु पर्नेछ र नवीकरण गर्नु नपर्ने कुनै कारण भएमा सोको लिखित जानकारी सात कार्य दिनभित्र सम्बन्धित उपभोक्ता संस्थालाई दिनु पर्नेछ।

३४. **<u>मर्मत सम्भार कोष :</u>** (१) सिँचाइ प्रणाली तथा संरचनाको मर्मत सम्भार कार्यका लागि उपभोक्ता संस्थाले मर्मत सम्भार कोष खडा गर्नुपर्नेछ ।

(२) जल उपभोक्ता संस्थाले उपनियम (१) बमोजिम सिँचाइ सेवा शुल्क, बिलम्ब शुल्क, सदस्यता शुल्क लगायतका शुल्क सम्बन्धित कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको मर्मत सम्भार कोषमा हुने आय र सोको परिचालन सम्बन्धमा उपभोक्ता संस्थाले नहर/कुलो सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी निर्देशिका बनाई लागू गर्नुपर्नेछ ।

३५. **<u>आयोजना हस्तान्तरण</u>** : (१) प्रदेश सरकारले विकास गरेको कुनै आयोजना वा त्यस्तो आयोजनाको कुनै नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेसो वा भूमिगत जल सिँचाइ प्रणालीलाई त्यस्तो नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेसा वा भूमिगत जल सिँचाइ प्रणाली सञ्चालन गर्ने उद्देश्यले दर्ता भएको उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपभोक्ताहरुले आफै विकास/निर्माण गरी सञ्चालन गरेका आयोजनाहरू उपभोक्ता संस्थालाई स्वतः हस्तान्तरण भएको मानिनेछ ।

३६. **आयोजना हस्तान्तरणको शर्त** : (१) नियम ३५ बमोजिम प्रदेश सरकारले आयोजना हस्तान्तरण गर्दा अन्य शर्तहरूको अतिरिक्त देहायका शर्तसमेत राख्नुपर्नेछ :-

(क) हस्तान्तरित संरचना धितो बन्धकमा राख्न वा बेचबिखन, दान दातव्य, सट्टापट्टा वा सम्झौता वा अन्य कुनै पनि प्रकारले हक छाडी अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने,

(ख) संरचना नास्न, बिगार्न वा अदलबदल गर्न नपाइने,

तर परियोजना हस्तान्तरण गने सम्बन्धित सिँचाइ डिभिजनको पूर्वस्वीकृतिमा आवश्यक मर्मत तथा सम्भार गर्ने प्रयोजनको लागि अदलबदल गर्न र पुनः प्रयोग गर्न नसकिने यन्त्र उपकरणलगायतका त्यसै राख्दा बिग्रन, नासिन सक्ने खालका अन्य वस्तु बेचविखन वा अन्य कुनै तरीकाले हस्तान्तरण गर्न सकिनेछ।

(ग) सिँचाइको पानीमा कमि आउने वा पानीको गुणस्तरमा ह्रास आउने कुनै पनि प्रकारको क्रियाकलाप गर्न नपाइने,

(घ) यस नियमावलीमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक उपभोक्ताले उपयोग गर्ने पानीको परिमाणमा कमी ल्याउन नपाइने,

(ङ) अन्य कुनै व्यक्ति वा संस्थालाई सञ्चालनको जिम्मा दिन नपाइने।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ट्युबवेलमा जडित पम्प सञ्चालनमा असर नपर्ने गरी भूमिगत जल सिँचाइ प्रणाली सञ्चालनको लागि जडान भएको विद्युत् लाइन तथा वितरण ट्रान्सफर्मर "सञ्चालन



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तथा मर्मत सम्भार" गर्ने प्रयोजनको लागि मात्र नेपाल विद्युत् प्राधिकरणको सम्बन्धित वितरण केन्द्रलाई हस्तान्तरण गर्न बाधा पर्ने छैन ।

३७. **<u>वृक्षारोपण तथा रूख बिरुवाको संरक्षण</u>** : (१) उपभोक्ता संस्थाले प्रचलित वन ऐन तथा नियमावलीबमोजिम सम्बन्धित वन कार्यालयबाट सामुदायिक वन कार्ययोजना स्वीकृत गराई सोबमोजिम नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसोको किनारा वा सीमा (राइट अफ वे) मा वृक्षारोपण गर्न सक्नेछ । त्यसरी वृक्षारोपण गर्ने स्थान निर्धारण गर्दा सम्बन्धित सिँचाइ डिभिजनसँग समन्वय गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले उपनियम (१) बमोजिमको कार्ययोजना स्वीकृत नभएसम्म देहायबमोजिमको पदाधिकारीहरू रहेको समितिको स्वीकृति लिई नहर, शाखा नहर, प्रशाखा नहर, कुलो कुलेसोको किनारा वा सीमामा रहेका, सडेका वा ढलेका रूख काँटछाँट गरी बिक्री गर्न सक्नेछः-

(क) सम्बन्धित सिँचाइ डिभिजनको प्रमुख - संयोजक

(ख) सम्बन्धित जिल्ला समन्वय समितिको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित वन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित उपभोक्ता संस्थाको अध्यक्ष - सदस्य

(च) सम्बन्धित जिल्ला सिँचाइ उपभोक्ता महासंघको प्रतिनिधि - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(३) उपनियम (२) बमोजिम बिक्रिबाट उठेको रकम नियम ३५ बमोजिमको मर्मत सम्भार कोषमा जम्मा गर्नुपर्नेछ ।

(४) उपनियम (२) बमोजिमको समितिको बैठकसम्बन्धी कुरा समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

३८. <u>संयुक्त व्यवस्थापन प्रणाली</u> : (१) नियम ३५ बमोजिम उपभोक्ता संस्थालाई पूर्ण रूपमा हस्तान्तरण गर्न नसकिने ठूला प्रकृतिका आयोजना प्रदेश सरकार र उपभोक्ता संस्थावीच सम्झौता गरी संयुक्त रूपमा सञ्चालन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रदेश र उपभोक्ता संस्थाबीच सम्झौता भई सेवा सञ्चालन गर्दा सेवा शुल्क उठाउने, उपभोक्ता संस्थाले पाउने प्रतिशत तोक्ने, मर्मत सम्भार व्यवस्थापन लगायत ऐन तथा यस नियमावलीबमोजिम गर्नुपर्ने कार्यको जिम्मेवारी र दायित्वसमेत किटान गर्नुपर्नेछ ।

३९. <u>सिँचाइ जल उपभोक्ता सहकारी संस्थालाई सुविधा, सहुलियत र छुट प्रदान गर्न सकिने</u> : (१) ऐनको दफा १९ को उपदफा (२) तथा प्रचलित कानूनबमोजिम रूपान्तरित सिँचाइ जल उपभोक्ता सहकारी संस्थालाई प्रदेश सरकारले समय समयमा आवश्यक सुविधा, सहुलियत र छुट प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने सुविधा, सहुलियत र छुट आवश्यक कार्यविधि बनाई प्रदान गर्न सकिनेछ ।

## परिच्छेद- ५

## <u>सेवा उपभोगसम्बन्धी व्यवस्था</u>

४०. <u>उपभोक्ताको कर्तव्य र दायित्व</u> : उपभोक्ताको कर्तव्य र दायित्व देहायबमोजिम हुनेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) कसैले सेवा दुरुपयोग गरेको वा पानीको चुहावट गरेको वा त्यस्तो किसिमको क्रियाकलाप गरेको वा गर्न लागेको कुरा थाहा हुन आएमा सो सम्वन्धी सूचना तत्कालै आयोजना कार्यालयलाई दिने,

(ख) संरचनाको निर्माण, मर्मत सम्भार तथा सुरक्षाको कार्यमा आयोजना कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

४१. <u>दरखास्त दिनुपर्ने</u> : (१) प्रदेश सरकारले विकास गरी सञ्चालन गरेको, संयुक्त व्यवस्थापनमा रहेको वा प्रदेश सरकारले विकास गरी उपभोक्तालाई हस्तान्तरण गरेको आयोजनाबाट सेवा उपभोग गर्न चाहने तर उपभोक्ताको रुपमा सूचिकृत नभएको व्यक्तिले सम्बन्धित आयोजना कार्यालय समक्ष सेवाको उपभोगका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि आयोजना कार्यालयले दरखास्तवालाको माग बमोजिम सेवा उपलब्ध गराउन सकिने वा नसकिने सम्वन्धमा प्राविधिक तथा अन्य आवश्यक कुराको जाँचबुझ गरी सेवा उपलब्ध गराउनुपर्नेछ । सेवा उपलब्ध गराउन नसकिने भएमा दरखास्तवालालाई सोही बमोजिमको सूचना दिनु पर्नेछ ।

४२. <u>उजुरी दिन सकिने</u> : (१) नियम ४१ को उपनियम (२) बमोजिम सेवा उपभोग गराउन नसकिने भनी दिएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयउपर पैंतीस दिनभित्र सम्बन्धित सिंचाइ डिभिजनसमक्ष उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको उजुरीको सम्वन्धमा सम्बन्धित सिंचाइ डिभिजनले आवश्यक जाँचबुझ गरी आदेश दिन सक्नेछ।

४३. <u>सेवा उपभोगको शर्त</u> : (१) यस नियमावलीबमोजिम उपलब्ध गराइएको सेवा उपभोग गर्ने उपभोक्ताले पालन गर्नुपर्ने शर्त प्रदेश सरकारले विकास गरी सञ्चालन गरेको सिंचाइ प्रणालीको हकमा सम्बन्धित सिंचाइ डिभिजनले, नियम ३५



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

बमोजिम हस्तान्तरित सिँचाइ प्रणालीको हकमा सम्बन्धित उपभोक्ता संस्थाले र अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले विकास गरी सञ्चालन गरेको सिँचाइ प्रणालीको हकमा अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले तोकेबमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम शर्त तोक्दा ऐन र यस नियमावली तथा अनुमतिपत्र दिंदा तोकिएको शर्तविपरीत नहुने गरी तोक्नु पर्नेछ ।

४४. **सेवा उपलब्ध गराउने आधार** : (१) आयोजना कार्यालयले सेवा उपलब्ध गराउँदा सम्बन्धित कृषि ज्ञान केन्द्र, सम्बन्धित स्थानीय तह र सम्बन्धित उपभोक्ता संस्थासँग परामर्श गरी पानी वितरणको प्राथमिकताक्रम निर्धारण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राथमिकताक्रम निर्धारण गर्दा देहायका कुरालाई आधार मान्नु पर्नेछः-

(क) सम्बन्धित क्षेत्रको भौगोलिक स्थिति,

(ख) जग्गाको क्षेत्रफल,

(ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण,

(घ) जग्गामा लगाइने बालीको किसिम,

(ङ) जग्गाको माटोको प्रकृति,

(च) संरचनाको क्षमता तथा अन्य प्राविधिक कुरा।

४५. **सेवा कटौती गर्न सक्ने** : (१) आयोजना कार्यालयले पानीको स्रोतबाट उपलब्ध हुन नसक्ने वा संरचनाको क्षमताभन्दा बढी परिमाणमा पानीको माग भई मागअनुसारको सेवा उपलब्ध गराउन सक्ने अवस्था नभएमा उपभोक्ता संस्थाको समन्वयमा नियम ४४ बमोजिम निर्धारित आधारको अधीनमा रही आंशिक रूपमा सेवा कटौती गर्ने निर्णय गर्न सक्नेछ ।

(२) आयोजना कार्यालयले उपनियम (१) बमोजिम निर्णय गर्दा सम्बन्धित सिँचाइ डिभिजन तथा सम्बन्धित स्थानीय तहसँग परामर्श गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

४६. **सेवा बन्द गर्न सक्ने :** आयोजना कार्यालयले देहायको अवस्थामा सेवा बन्द गर्न सक्नेछ ।

(क) उपभोक्ता संस्थाले संकलन गरी बुझाउनुपर्ने रकम नबुझाएसम्म,

(ख) कुनै उपभोक्ताले आयोजना कार्यालय र उपभोक्ताबीच भएको सम्झौतामा उल्लेखित शर्त उल्लंघन गरेमा सोही सम्झौता बमोजिमको कारबाही पूरा नभएसम्म,

(ग) संरचना क्षतिग्रस्त भएमा वा हुने सम्भावना भएमा आवश्यक मर्मत सम्भार नगरेसम्म ।

४७. **सूचना दिनुपर्ने :** आयोजना कार्यालयले नियम ४५ वा ४६ बमोजिम सेवा कटौती वा बन्द गर्नुपरेमा सोको सूचना सम्बन्धित उपभोक्ता संस्था तथा स्थानीय तहलाई दिनुपर्नेछ ।

४८. **सेवा शुल्क निर्धारण समितिको बैठक :** (१) ऐनको दफा २० को उपदफा (२) बमोजिम गठित सेवा शुल्क निर्धारण समितिको बैठक सेवा शुल्क निर्धारण समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) सेवा शुल्क निर्धारण समितिको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

४९. **सेवा शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार :** सेवा शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सिँचाइ सेवा उपलब्ध भई बढ्न जाने औसत कृषि उत्पादनको आधारमा प्रत्येक बालीको लागि न्यूनतम सेवा शुल्क निर्धारण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ख) संघ, प्रदेश र स्थानीय सरकारले समय समयमा मागेका विवरण तथा परामर्श उपलब्ध गराउने,

(ग) सेवा शुल्कको दर हेरफेर गर्दा प्रदेश सरकारसँग परामर्श लिने ।

५०. **सेवा शुल्क बुझाउनुपर्ने** : (१) सेवा उपभोग गर्ने उपभोक्ताले यस नियमावलीबमोजिम बुझाउनुपर्ने सेवा शुल्क उपभोक्ता संस्था वा त्यस्तो सेवा शुल्क उठाउन अधिकार प्राप्त व्यक्ति वा संस्थालाई बुझाई रसिदसमेत लिनु पर्नेछ।

(२) संयुक्त व्यवस्थापनमा सञ्चालित सिँचाइ प्रणालीमा सेवा शुल्क उठाउने दायित्व उपभोक्ता संस्थाको हुनेछ । उपभोक्ता संस्थाले प्रदेश सरकारले घोषित गरेको सिञ्चित क्षेत्रमा सेवा उपभोग नभएको अवस्थामा पनि सेवा शुल्क निर्धारण समितिले निर्धारण गरिदिए अनुरूपको न्यूनतम सेवा शुल्क प्रत्येक उपभोक्ताबाट उठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम उपभोक्ताबाट उठाएको रकममध्येबाट उपभोक्ता संस्थाले अनुसूची- १३ को तालिकाबमोजिम आफूले पाउने अंश आफ्नो खातामा जम्मा गरी बाँकी रकम प्रदेश सरकारको राजस्व र सिँचाइ विकास कोषमा बुझाई सोको निस्सा सम्बन्धित सिँचाइ डिभिजनमा बुझाउनु पर्नेछ ।

(४) प्रदेश सरकारले उपनियम (३) बमोजिम प्रदेश सरकारको राजस्व तथा सिँचाइ विकास कोषमा रकम जम्मा नभएका सिँचाइ प्रणालीमा थप लगानी गर्ने छैन ।

५१. **विलम्ब शुल्क** : (१) निर्धारित समयमा सेवा शुल्क नबुझाउने उपभोक्ताले, उपभोक्ता संस्था वा अधिकार प्राप्त व्यक्ति वा संस्थालाई तिर्नु बुझाउनुपर्ने सेवा शुल्कको अतिरिक्त विलम्ब शुल्कसमेत तिर्नु पर्नेछ र त्यस्तो विलम्ब शुल्कको दर सेवा शुल्क निर्धारण समितिले तोकेबमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपनियम (१) बमोजिम बुझाउनुपर्ने शुल्क एकमुष्ट वा पटक पटक गरी किस्ताबन्दीमा बुझाउन सकिनेछ । सेवा शुल्क र विलम्ब शुल्क बुझाउने तरिका र म्याद सेवा शुल्क निर्धारण समितिले तोकिदिएबमोजिम हुनेछ।

## परिच्छेद- ६

## सिँचाइ विकास कोष

५२. **सिँचाइ विकास कोषको स्थापना** : प्रदेश सरकारले सिँचाइ प्रणालीको विकास गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी ऐनको दफा २१ को उपदफा (१) बमोजिम सिँचाइ विकास कोष स्थापना गर्न सक्नेछ।

५३. **सिँचाइ विकास कोषको सञ्चालन तथा व्यवस्थापन** : (१) नियम ५२ बमोजिम स्थापित कोषको सञ्चालन र व्यवस्थापन पारदर्शी, मितव्ययी र सहभागितामूलक ढङ्गबाट गरिनेछ ।

(२) कोषको सञ्चालक समितिको बैठक सञ्चालक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) कोषको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा सञ्चालक समितिका सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) कोषको सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) कोषको सञ्चालक समितिमा कुनै विषयमा छलफल भई मतदान हुँदा उपस्थित सदस्य संख्याको बहुमत सदस्यको मतलाई सञ्चालक समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) कोषको सञ्चालक समितिको निर्णय सञ्चालक समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) कोषको सञ्चालक समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(८) कोषको खाता सञ्चालन मन्त्रालयको सिँचाइ हेर्ने सम्बन्धित महाशाखा प्रमुख र मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

५४. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार : (१) कोषको सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) कोषलाई वित्तीय मापदण्ड पूरा गरी व्यवस्थित रूपमा सञ्चालन गर्ने,

(ख) कोषको आय व्ययको खाता, बही र लेखा दुरुस्त र मितव्ययी रूपमा राख्ने,

(ग) सिँचाइ विकासका लागि नियम २६ को उपनियम (२) बमोजिमको कम्पनी वा ऐनको दफा १९ को उपदफा (२) बमोजिमको सिँचाइ जल उपभोक्ता सहकारी संस्थामा सञ्चालक समितिको बैठकले निर्णय गरेबमोजिम लगानी गर्ने,

(घ) खण्ड (ग) बमोजिमका संस्थामा सञ्चालक समितिको बैठकले निर्णय गरेबमोजिम अनुदान दिने,

(ङ) कोषको लेखा प्रतिवेदन तयार गर्ने,

(च) प्रदेश सरकारले तोकेबमोजिमका अन्य काम गर्ने वा गराउने ।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम अनुदान दिँदा प्रदेश सरकारबाट सोधभर्ना हुने गरी अख्तियारी प्राप्त गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**५५.** <u>**कोषको प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार**</u>ः कोषको प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सञ्चालक समितिको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) सञ्चालक समितिको बैठक सञ्चालन गराउने र निर्णय अभिलेख गर्ने,

(ग) वित्तीय मापदण्डको आधारमा कोषको रकम लगानी गर्ने कार्यक्रम तय गर्ने,

(घ) सञ्चालक समितिले तोकेबमोजिमका अन्य काम गर्ने वा गराउने ।

**५६.** <u>**सञ्चालक समितिका कर्मचारी**</u>ः (१) सञ्चालक समितिलाई आवश्यक हुने कर्मचारी मन्त्रालय वा अन्तर्गत कार्यरत कर्मचारीहरुबाटै व्यवस्था गरिनेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त कर्मचारीको सेवाका शर्तहरू संचालक समितिले तोके बमोजिम हुनेछ ।

**परिच्छेद- ७**

<u>**सिँचाइ विकास समन्वय समिति**</u>

**५७.** <u>**समन्वय समितिको काम, कर्तव्य र अधिकार**</u> : ऐनको दफा २५ मा उल्लिखित कार्यहरूका अतिरिक्त समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क) सिँचाइ विकासका क्षेत्रमा अन्तरतह समन्वय र सहकार्यका लागि मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(ख) सिँचाई विकासमा प्रदेशअन्तर्गतका विभिन्न निकाय तथा स्थानीय तहहरूका बीच समन्वय गर्ने,

(ग) प्रदेशअन्तर्गत सञ्चालित विभिन्न सिँचाइ आयोजनाहरूबीचमा समन्वय गर्ने र सहकार्यको वातावरण बनाउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ग) स्थानीय तहसँग साना सिँचाइ आयोजनाको विकास, सञ्चालन, मर्मत सम्भार र क्षमता विकासका क्षेत्रमा समन्वय र सहकार्य गर्ने,

(घ) प्रदेशबाट सिँचाइका लागि स्थानीय तहलाई दिइने आर्थिक तथा प्राविधिक सहयोग कार्यान्वयनमा सहजीकरण गर्ने,

(ङ) मन्त्रालयले तोकेको अन्य कार्य गर्ने।

## परिच्छेद- ८

## वातावरण संरक्षण तथा नियन्त्रण

५८. **वातावरणीय संरक्षणसम्बन्धी व्यवस्था** : (१) यस नियमावली बमोजिम सिँचाइ प्रणालीको विकास गर्दा, त्यसको संरचना निर्माण गर्दा वा सिँचाइको लागि जलस्रोतको उपयोग गर्दा भूक्षय, बाढी वा पहिरो नजाने एवं फोहोरमैला वा प्रदूषण नहुने, वातावरणीय अवस्था, पर्यटन, जलविहार र जलचरउपर प्रतिकूल असर नपुग्ने गरी गर्नुपर्नेछ ।

(२) प्रदेश सरकारले उपनियम (१) को प्रयोजनका लागि आवश्यकताअनुसार सिँचाइ प्रणाली विकास गर्दा वा सिँचाइको लागि जलस्रोत उपयोग गर्दा लिनुपर्ने पूर्व सावधानीका उपायहरू र वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने नहुने प्रकृतिका कामको सम्बन्धमा जनचेतनामूलक कर्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(३) सिँचाइ प्रणालीको सञ्चालन गर्दा उपभोक्ता वा सेवाग्राहीलाई आवश्यकताभन्दा बढी हुन जाने सिँचाइ प्रणालीको पानी नदी वा खोलामा छाडनुपर्नेछ ।

(४) सिँचाइ प्रणालीको कार्यक्षेत्रभित्र नदी कटान, बाढी, पैरो आदिबाट हुन सक्ने क्षतिबाट सुरक्षाका लागि गरिने कार्यहरू आयोजनाको लागतमा समावेश गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(५) सिँचाइ प्रणाली निर्माण, सञ्चालन, मर्मत सम्भार वा व्यवस्थापन गर्दा अपनाउनुपर्ने पूर्वसावधानी र अपनाउनुपर्ने वातावरणीय संरक्षणसम्बन्धी उपायहरू पूर्ण रूपमा अपनाउनु पर्नेछ ।

(६) सिँचाइ प्रणाली निर्माण, सञ्चालन, मर्मत सम्भार वा व्यवस्थापन गर्दा प्रचलित वातावरणसम्बन्धी ऐन/नियम को पूर्ण रूपमा पालना गर्नुपर्नेछ ।

## परिच्छेद- ९

## विविध

५९. **क्षतिपूर्ति दिइने:** ऐनको दफा १० को उपदफा (२) बमोजिमको क्षतिपूर्ति तथा ऐनको दफा ३४ को उपदफा (२) बमोजिमको क्षतिपूर्ति नियम ६० को उपनियम (१) बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

६०. **क्षतिपूर्ति निर्धारण समितिः** (१) नियम ५९ बमोजिम दिनुपर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्न देहायका अध्यक्ष र सदस्यहरू भएको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछः-

(क) प्रदेश सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) जलस्रोत उपयोगसम्बन्धी आयोजनासँग सम्बन्धित कार्यालयको प्रतिनिधि - सदस्य

(ग) जलस्रोतसँग सम्बन्धित प्रदेश सरकारले तोकेको विशेषज्ञ - सदस्य

(घ) हानि नोक्सानी भएको अचल सम्पत्तिको धनी वा निजको प्रतिनिधि - सदस्य

(ङ) हानि नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रका सम्बन्धित मालपोत कार्यालयको प्रतिनिधि - सदस्य



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(च) हानि नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको सम्बन्धित स्थानीय तहको प्रतिनिधि - सदस्य

(२) उपनियम (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्दा प्रत्यक्ष तथा वास्तविक हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्तिको रकम निर्धारण गर्नुपर्नेछ ।

(३) क्षतिपूर्ति निर्धारण समितिको बैठकसम्बन्धी कार्यविधि उक्त समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

६१. **सिँचाइ प्रणालीको विकासको मार्गचित्र तयार गरिने:** (१) ऐनको दफा ४ को उपदफा (२) र उपदफा (३) बमोजिम मन्त्रालयले प्रचलित ऐन, कानूनबमोजिम हुने गरी सिँचाइ प्रणालीको विकासको मार्गचित्र तयार गरी सोको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका बनाउनेछ।

(२) सिँचाइ बिकासको मार्गचित्र तयार भई कार्यान्वयनमा नआउन्जेलसम्म प्रदेश सरकारको आवधिक योजनामा समावेश रहेको आयोजनाहरू नै प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गरिँदै लगिनेछ ।

६२. **पहाडी क्षेत्रमा सिँचाइ आयोजनाको मर्मत, सम्भार तथा सुदृढीकरण :** (१) ऐनको दफा ३ को उपदफा (४) बमोजिम पहाडी क्षेत्रमा पचास हेक्टरभन्दा बढी एक हजार पाँच सय हेक्टरसम्म सिञ्चित क्षेत्र भएको निर्मित सिँचाइ आयोजनाहरूको मर्मत सम्भार, सञ्चालन तथा सुदृढीकरण कार्य प्रदेश सरकारले गर्नेछ ।

(२) पहाडी क्षेत्रमा पचास हेक्टर वा सो भन्दा घटी क्षमताका निर्मित सिँचाइ आयोजनाहरूको मर्मत सम्भार, सञ्चालन तथा सुदृढीकरणका लागि स्थानीय तहबाट माग तथा अनुरोध भई आएमा प्रदेश सरकारले स्थानीय तहलाई आर्थिक तथा प्राबिधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६३. **<u>संरचनाको भोगचलन</u>** : सिँचाइ संरचना कुनै व्यक्ति विशेषको स्वामित्वमा वा कुनै व्यक्ति विशेषको मात्र भोगचलनमा रहन सक्ने छैन ।

तर कुनै व्यक्तिको निजी जग्गामा उपलब्ध जलस्रोतको आफ्नो उपयोगको लागि त्यस्तो जग्गामा निजले निर्माण गरेका सिँचाइ संरचना निजको स्वामित्व वा भोगचलनमा रहन बाधा पर्ने छैन ।

६४. **<u>संरचनाको सुरक्षा व्यवस्था</u>** : (१) सम्बन्धित सिँचाइ डिभिजन वा आयोजनाले संरचनाको सुरक्षा तथा पानीको चोरी, दुरुपयोग वा अनधिकृत प्रयोग हुन नदिनको लागि देहायका कार्य गर्न सक्नेछ ।

(क) संरचनामा अनधिकृत प्रवेश गर्न निषेध गर्ने,

(ख) संरचना भत्काउन, बन्द गर्न वा त्यसमा अरू कुनै कुराको हेरफेर गर्न, निषेध गर्ने,

(ग) संरचनामा आउने जाने पानी घटाउने वा बढाउन निषेध गर्ने,

(घ) संरचनाको पानी प्रदूषण गर्न निषेध गर्ने,

(ङ) सिँचाइको प्रयोजनको लागि राखिएको संकेत वा चिह्न बिगार्न वा सार्न निषेध गर्ने,

(च) संरचनाको पानीको प्रवाह नियन्त्रण गर्ने कुनै यन्त्र वा सो यन्त्रको कुनै पार्टपुर्जालाई चलाउन, सार्न वा बिगार्न निषेध गर्ने,

(छ) प्रवेश निषेध गरिएको सिँचाइ क्षेत्रभित्र कुनै चौपाया हिंडाउन चराउन वा छाडा छाड्न निषेध गर्ने,

(ज) प्रवेश निषेध गरिएको सिँचाइ क्षेत्रभित्र सवारी चलाउन निषेध गर्ने,

तर सिँचाइ क्षेत्रलाई हानि नपुग्ने गरी सम्बन्धित आयोजनाले तोकिदिएको शुल्क तिरी त्यस्तो निषेधित ठाउँमा सवारी चलाउन पाउने गरी अधिकार प्राप्त अधिकारीले स्वीकृति दिन सक्नेछ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(झ) सिँचाइ प्रणालीमा रहेका बाँध (हेडवर्क्स) र नदीमा रहेका अन्य संरचनाको तल माथि सम्बन्धित सिँचाइ डिभिजनले तोकिदिएको क्षेत्रभित्र ढुगा, बालुवा आदि निकाल्न निषेध गर्ने,

(ञ) नहरको डिल काट्न, नहर वा संरचनाबाट पानी जाने वा आउने स्रोत अदलबदल गर्न वा सो कुराको प्रयास गर्न निषेध गर्ने,

(ट) संरचनालाई कम उपयोगी तुल्याउने गरी नदी वा खोलाको धारमा अवरोध खडा गरी पानीको बहावलाई नियन्त्रण गर्न निषेध गर्ने,

(ठ) सिँचाइ व्यवस्थालाई प्रतिकूल असर पर्ने गरी नदी खोला, छहरा, ताल, पोखरी वा त्यसको कुनै भागलाई कुनै किसिमसँग च्याप्ने वा मिच्ने काम गर्न निषेध गर्ने,

(ड) स्वीकृति बेगर पम्पद्वारा पानी तान्ने काम गर्न निषेध गर्ने।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको कुराको सूचना सम्बन्धित सिँचाइ डिभिजन वा आयोजनाले सर्वसाधारणको जानकारीको लागि सम्बन्धित सिँचाइ क्षेत्रको मुख्य मुख्य ठाउँमा टाँस गर्नु पर्ने र सिँचाइ डिभिजन, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहलाई जानकारी दिनु पर्नेछ।

६५. **सिँचाइ अधिकृतको व्यवस्था** : (१) सिँचाइ डिभिजनको प्रमुखले सिँचाइ अधिकृतको समेत काम गर्नेछ ।

(२) प्रचलित कानुनबमोजिम सिँचाइ डिभिजन वा आयोजनाको प्रमुख हुन योग्य व्यक्ति नै सिँचाइ अधिकृत हुन योग्य मानिनेछ ।

(३) सिँचाइ अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) कार्यालय प्रमुख/आयोजना प्रमुखले गर्ने कामका अतिरिक्त सिँचाइ ऐन र यस नियमावलीमा सिँचाइ डिभिजन प्रमुख वा आयोजना प्रमुख वा सिँचाइ अधिकृतले गर्ने भनी तोकिएको काम, कर्तव्य र अधिकार नै सिँचाइ अधिकृतको काम, कर्तब्य र अधिकार हुनेछ,

(ख) ऐनको दफा २९ बमोजिम दण्ड सजाय गर्ने,

(ग) प्रदेश सरकारले सिँचाइसम्बन्धमा दिएको निर्देशन पालन गर्नु सिँचाइ अधिकृतको कर्तव्य हुनेछ।

६६. <u>निर्देशन दिन सक्ने</u> : (१) प्रदेश सरकारले आयोजना वा सेवा शुल्क निर्धारण समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित आयोजना वा समितिको कर्तव्य हुनेछ ।

६७. <u>अनुगमन तथा मूल्यांकन समिति</u> : (१) प्रदेश सरकारले सिँचाइ प्रणालीले पुऱ्याएको सेवा, पानीको परिमाण, बाली सघनता, उत्पादन वृद्धि, उपभोक्ता संस्थाको संस्थागत तथा आर्थिक स्थिति र कार्यक्षेत्रमा भएका परिवर्तनसमेतलाई आधार मानी सिँचाइ प्रणालीको अनुगमन तथा मूल्यांकन गर्न आवश्यकताअनुसारको अनुगमन तथा मूल्यांकन समिति गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा मूल्यांकन समिति गठन गर्दा अन्य व्यक्तिहरूको अतिरिक्त जिल्ला सिँचाइ उपभोक्ता महासंघको समेत प्रतिनिधित्व गराइनेछ ।

६८. <u>कबुलियत गरी सञ्चालन गर्न दिन सकिने</u> : (१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि संयुक्त व्यवस्थापनमा रहेको वा प्रदेश सरकारद्वारा सञ्चालित प्रणालीभित्रका नहर, शाखा नहर, प्रशाखा नहर तथा कुलोको आंशिक वा पूर्ण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

रूपमा मर्मत, सम्भार तथा सञ्चालनको जिम्मेवारी कुनै व्यक्ति, उपभोक्ता संस्था वा गैरसरकारी संस्थालाई प्रतिस्पर्धाको आधारमा मन्त्रालयले कबुलियत गरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने कबुलियतसम्बन्धी व्यवस्था निर्देशिकामा उल्लेख भएबमोजिम हुनेछ ।

६९. <u>व्यवस्थापन हस्तान्तरण गर्न सकिने</u> : (१) प्रदेश सरकारले संघ र प्रदेश सरकारद्वारा निर्माण गरी हाल संयुक्त व्यवस्थापनमा सञ्चालित प्रणालीमा, प्रदेश सरकारको तर्फबाट गरिँदै आएको नियमित व्यवस्थापनको जिम्मेवारी हस्तान्तरणको लागि स्थानीय तहबाट माग भई आएमा स्थानीय तहको प्राविधिक क्षमता र स्रोतको व्यवस्थासमेतलाई हेरी व्यवस्थापन हस्तान्तरण गर्न सक्नेछ।

(२) प्रदेश सरकारले व्यवस्थापन हस्तान्तरण गर्नेसम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भएबमोजिम हुनेछ ।

७०. <u>मूल्यांकन तथा गुणस्तर कायम गर्ने</u> : (१) प्रदेशभित्र सञ्चालित सिँचाइ आयोजना तथा सम्बन्धित सिँचाइ डिभिजनद्वारा सञ्चालित सिँचाइसम्बन्धी काम कारबाही गुणस्तरयुक्त र आवधिक प्रगति लक्ष्यअनुरूप भए नभएको सम्बन्धमा सिँचाइ डिभिजनले आवश्यक जाँचबुझ गरी सम्बन्धित व्यक्ति वा उपभोक्ता संस्था वा कम्पनीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन पालन गर्नु सम्बन्धित व्यक्ति वा संस्था वा कम्पनीको कर्तव्य हुनेछ ।

(३) सिँचाइ डिभिजन वा आयोजनाले आफ्नो कार्य प्रगति विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

७१. **<u>विशेष सिञ्चित क्षेत्र</u>** : (१) प्रदेश सरकारले ऐनको दफा १५ को उपदफा (१) बमोजिम भरपर्दो सिँचाइ प्रणाली विकास भएको सिञ्चित क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरि विशेष सिञ्चित क्षेत्रको रूपमा घोषणा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको विशेष सिञ्चित क्षेत्रमा सघन कृषि कार्यक्रम सञ्चालन गर्ने, जग्गा चक्लाबन्दी गरी व्यावसायिक कार्यक्रमहरू सञ्चालन गर्ने, कृषि विकासको लागि अनुदान वा सहुलियतहरू प्राथमिकतापूर्वक दिने साथै अन्य कार्यक्रमहरू सञ्चालनका लागि सम्बन्धित निकाय, सम्बन्धित स्थानीय तहहरूसंग समन्वय गर्न सकिने छ।

(३) उपनियम (१) बमोजिमको विशेष सिञ्चित क्षेत्रमा जडीबुटी, कृषिजन्य उत्पादन कार्यक्रमबाहेकका अन्य कार्यक्रम सञ्चालन गर्नुपरेमा व्यक्ति, संस्था वा कम्पनीले मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम मन्त्रालयले स्वीकृति दिंदा प्रदेश सरकारको कृषि सम्बन्धी मन्त्रालयको सिफारिस लिनुपर्नेछ ।

७२. **<u>पानीको गुणस्तर</u> तोक्न सक्नेः** प्रदेश सरकारले सिँचाइ सेवामा उपयोग हुने पानीको गुणस्तर प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ।

७३. **<u>पुरस्कृत गर्ने कार्यविधी</u>** : (१) प्रदेश सरकारले ऐनको दफा ३५ बमोजिम देहायका आधारमा कम्पनी वा जल उपभोक्ता संस्थालाई पुरस्कृत गर्न सम्बन्धीत सिँचाई अधिकृतले मन्त्रालयमा सिफारिश गर्ने छः-

क. उपभोक्ता संस्थाले नियमित रूपमा सिँचाइ शेवा शुल्क प्रदेश सरकारको राजश्व र सिँचाइ विकास कोषमा बुझाएको,

ख. उपभोक्ता संस्थाको आवधिक निर्वाचन भई नियमित रूपमा बार्षिक साधारण सभाहरू सम्पन्न गरेको,

ग. कम्पनीले नियमित रूपमा सिँचाइ वार्षिक शुल्क प्रदेश सरकारलाई बुझाएको,

घ. संस्था वा कम्पनीले समयमै संस्था वा कम्पनिको नवीकरण गर्ने गरेको ,

ङ. संस्था वा कम्पनीले आफ्नो आर्थिक कारोवारको समयमानै लेखापरीक्षण सम्पन्न गरी शुन्य वेरूजु कायम गरेको वा गत विगतको बेरूजु फछ्र्यौट गरी वेमाख गरेको,

च. सिँचाइ प्रणालीबाट उत्पादन र उत्पादकत्वमा भएको वृद्धि,

छ. सिँचाइ प्रणालीको नियमित मर्मत संभार गरेको,

ज. समयमा सम्बन्धित निकायमा प्रतिवेदन पेश गरेको,

झ. मन्त्रालयले समय समयमा तोकोका अन्य आधारहरू।

(२) प्रदेश सरकारले ऐनको दफा ३५ बमोजिम पुरस्कृत गर्ने सम्बन्धी कार्यविधि बनाई लागू गर्न सक्ने छ।

७४. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने : प्रदेश सरकारले ऐन र यस नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

७५. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकताअनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

७६. यसै नियमावली बमोजिम हुने : सिँचाइ नियमावली, २०५६ अन्तर्गत भए गरेका सबै काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- १

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त

मितिः..............................

श्री महाशाखा प्रमुखज्यू,

सिँचाइ महाशाखा, ................मन्त्रालय

..............प्रदेश

सिँचाइको लागि जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन सिँचाइ नियमावली,२०८१ को नियम ३ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेस गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्ने क्षेत्रः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.......... (पुष्ट्याइँ विवरण संलग्न गर्नुपर्नेछ)

५. सर्वेक्षण गर्ने अवधिः

६. अन्य विवरणहरू

(सिँचाइ नियमावली, २०८१ को नियम ३ बमोजिम) माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप <u>सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट</u>

दरखास्त दिनेको

नाम र थरः

नागरिकता प्रमाणपत्र वा रास्ट्रिय परिचयपत्र

नम्बरः

हस्ताक्षरः

पदः

ठेगानाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- २

(नियम ५ सँग सम्बन्धित)

### जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र

सिँचाइ महाशाखा,

................मन्त्रालय,

...............प्रदेश

अनुमतिपत्र संख्या

मितिः.....................

श्री............................ ..................................

महाशय,

तपाईंलाई सिँचाइको निमित्त जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायबमोजिमको विवरण एवं शर्त खोली सिँचाइ नियमावली, २०८१ को नियम ५ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

विवरण एवं शर्त

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगानाः

२. जलस्रोत सर्वेक्षणको उद्देश्य

३. जलस्रोत सर्वेक्षणको क्षेत्र

४. सर्वेक्षण गर्ने अवधि

५. अनुमतिपत्र बहाल रहने अवधि

अनुमतिपत्र दिने अधिकारीको

नामः

हस्ताक्षरः

पदः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ३

(नियम ८ सँग सम्बन्धित)

## जलस्रोतको उपयोगको विकासको अनुमतिपत्रको लागि दरखास्त

मितिः.....................

श्री महाशाखा प्रमुखज्यू,
सिँचाइ महाशाखा, ................ मन्त्रालय
................प्रदेश

सिँचाइको लागि जलस्रोतको उपयोगको विकासको निमित्त अनुमतिपत्र पाउन सिँचाइ नियमावली, २०८१ को नियम ८ बमोजिम देहायका विवरणहरूसमेत खुलाई यो दरखास्त पेस गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजनः
४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँः
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः
६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभः
७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः
८. जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः
९. जलस्रोत उपयोग गर्ने तरिकाः
१०. जलस्रोतको हाल भइरहेको र भविष्यमा हुन सक्ने उपयोगः
११. अन्य विवरणहरूः

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरेमा कानूनबमोजिम सहुँला बुझाउँला।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट

दरखास्त दिने व्यक्तिको

नाम, थरः

नागरिकता प्रमाणपत्र वा रास्ट्रिय परिचयपत्र नम्बरः

हस्ताक्षरः

पदः

ठेगानाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ४

(नियम १० सँग सम्बन्धित)

## जलस्रोतको उपयोगको विकासको लागि अनुमतिपत्र

सिँचाइ महाशाखा,

.....................मन्त्रालय,

..................प्रदेश

अनुमतिपत्र संख्या

मिति:......................

श्री............................. ..................................

महाशय,

तपाईंलाई सिँचाइ प्रयोजनका लागि जलस्रोतको उपयोगको विकास गर्न पाउने गरी देहायको शर्त एवं विवरण खोली सिँचाइ नियमावली, २०८१ को नियम १० बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

शर्त एवं विवरण

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:

२. जलस्रोत उपयोगको उद्देश्य:

३. जलस्रोतको नाम, किसिम र रहेको स्थान:

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाण:

५. जलस्रोत उपयोगको क्षेत्र:

६. जलस्रोत उपयोग गर्ने तरिका:

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या:

८. अनुमतिपत्र बहाल रहने अवधि:

अनुमतिपत्र दिने अधिकारीको नाम:

हस्ताक्षर:

पद:

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ५

(नियम ३ को उपनियम (२), नियम १४ र नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

**अनुमतिपत्र दस्तुर**

१. सिँचाइको लागि जलस्रोत उपयोगको अनुमतिपत्र दस्तुर रु. २०००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ६

(नियम १८ सँग सम्बन्धित)

**सिँचाइको लागि जलस्रोतको उपयोगबापत बुझाउनुपर्ने वार्षिक शुल्क**

(क) दुई हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न प्रतिहेक्टर रु. दसका दरले अधिकतम रु. १००००।-

(ख) दुई हजारदेखि पाँच हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु. २००००।-

(ग) पाँच हजारदेखि दस हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु. ५००००।-

(घ) दस हजारदेखि पन्ध्र हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु. १०००००।-

(ङ) पन्ध्र हजारदेखि बीस हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु. १५००००।-

(च) बीस हजारदेखि पच्चीस हजार हेक्टरसम्मको जमिन सिँचाइ गर्न रु. २०००००।-

(छ) पच्चीस हजार हेक्टरभन्दा बढी सिँचाइ गर्न रु. २५००००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ७

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

## सिँचाइ आयोजनाको मागका लागि दिइने निवेदन

मिति.................

श्री ............. सिँचाइ डिभिजन

................

हामी तपसिलका निवेदकहरू............जिल्ला............................ गाउँ/नगरपालिका .................. वडा नं स्थित करिब ............................ हेक्टर क्षेत्रफलमा .................... सिँचाइ आयोजना सञ्चालनका लागि आयोजनाको माग सम्बन्धमा अनुसूची ८ बमोजिम किसान र जग्गाधनीको विवरणसमेत राखी यो निवेदन पेस गरेका छौं । मागबमोजिम आयोजना सञ्चालन हुने अबस्थामा हामीले प्रदेश सिँचाइ नियमावलीअनुसार लाभग्राहीबाट जम्मा गर्नुपर्ने रकम जम्मा गर्ने तथा जनश्रमदानसमेत जुटाउने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं ।

कृषक समूहको प्रतिनिधित्व गर्नेको

पूरा नाम थर .....................

नागरिकता प्रमाणपत्र वा रास्ट्रिय परिचयपत्र नं ......................

हस्ताक्षर ..............................

ठेगाना ...............................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ८

(नियम १९ को उपनियम (२) सँग सम्बन्धित)

**सिँचाइ आयोजनाको मागका लागि दिइने निवेदनमा संलग्न गरिने कृषकहरूको विवरण**

| क्रम संख्या | जग्गाधनीको नाम, ठेगाना | परिवार संख्या | | | जग्गाको बिबरण | | | सहीछाप/हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | स्थान | कित्ता नं. | क्षेत्रफल | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ----- | ---------- | ----- | --- | ----- | ----- | ----- | ----- | ------- |

कृषक समूहको प्रतिनिधिको

नामः

नागरिकता प्रमाणपत्र वा रास्ट्रिय परिचयपत्र नम्बरः

हस्ताक्षर :

ठेगानाः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ९

(नियम २३ को उपनियम (१) सँग सम्बन्धित)

**सिँचाइ आयोजनाको प्राथमिकताका आधार तथा भार :**

| क.सं. | आधारहरू | भार प्रतिशत |
|---|---|---|
| **१** | **पानीको पर्याप्तता (Adequacy of Water for Irrigation)** | **३०** |
| १.१ | सिञ्चित बाली सघनता (Irrigated cropping Intensity) २२०% भन्दा बढी | ३० |
| १.२ | सिञ्चित बाली सघनता (Irrigated cropping Intensity) १८५% देखि २२०% | २५ |
| १.३ | सिञ्चित बाली सघनता (Irrigated cropping Intensity) १८५% भन्दा कम | २० |
| **२** | **आर्थिक आन्तरिक प्रतिफल (Economic Internal Rate of Return)** | **३५** |
| २.१ | आर्थिक आन्तरिक प्रतिफल दर १६% भन्दा बढी | ३५ |
| २.२ | आर्थिक आन्तरिक प्रतिफल दर १२% देखि १६% सम्म | २५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| २.३ | आर्थिक आन्तरिक प्रतिफल दर १२% भन्दा कम | १० |
| ३ | **पछाडि परेको समुदाय (दलित, सामाजिक रूपमा पिछडिएको वर्ग तथा विपन्न वर्ग, महिला कृषक घरधुरी)** | **२५** |
| ३.१ | ४०% भन्दा बढी | २५ |
| ३.२ | २०% देखि ४०% | २० |
| ३.३ | २०% भन्दा कम | १० |
| ४ | **साना किसानको* उपस्थिति** | **१०** |
| ४.१ | साना किसानको उपस्थिति ६०% भन्दा बढी | १० |
| ४.२ | साना किसानको उपस्थिति ३०% देखि ६०% सम्म | ५ |
| ४.३ | साना किसानको उपस्थिति ३०% भन्दा घटी | २ |
| | **जम्मा** | १०० |

*साना किसान भन्नाले पहाडमा ०.५० हेक्टर र तराईमा १ हेक्टर वा सोभन्दा कम जग्गा भएका घरधुरीलाई सम्झनुपर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनूसूची- १०

(नियम २४ को उपनियम (१) सँग सम्बन्धित)

**जल उपभोक्ताले व्यहोर्नुपर्ने अंशको तालिका**

| सिँचाइ योजना/ प्रणालीको किसिम | मुहानको काममा लागतको प्रतिशत | मूल नहरको काममा लागतको प्रतिशत | शाखा/ उपशाखा/ प्रशाखा नहरको लागतको प्रतिशत | कुलोमा लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क) नयाँ निर्माण | | | | |
| तराई मधेशमा ५००० हेक्टरभन्दा बढी, पहाडमा १०० हेक्टरभन्दा बढी र हिमालमा ५० हेक्टरभन्दा बढी | ० | ० | ० | ३ |
| तराई मधेशमा ५०० हेक्टरभन्दा बढी ५००० हेक्टरसम्म, पहाडमा ५० हेक्टरभन्दा बढी १०० हेक्टरसम्म र | ० | ० | २ | ३ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| हिमालमा २५ हेक्टरभन्दा बढी ५० हेक्टरसम्म | | | | |
| तराई मधेशमा ५०० हेक्टरसम्म, पहाडमा ५० हेक्टरसम्म र हिमालमा २५ हेक्टरसम्म | ३ | ३ | ३ | ३ |
| **(ख) सुदृढीकरण** | | | | |
| तराई मधेशमा ५००० हेक्टरभन्दा बढी, पहाडमा १०० हेक्टरभन्दा बढी र हिमालमा ५० हेक्टरभन्दा बढी | ० | ० | २ | ३ |
| तराई मधेशमा ५०० हेक्टरभन्दा बढी ५००० हेक्टरसम्म, पहाडमा ५० हेक्टरभन्दा बढी १०० हेक्टरसम्म र हिमालमा २५ | ० | ० | ३ | ५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| हेक्टरभन्दा बढी ५० हेक्टरसम्म | | | | |
| तराई मधेशमा ५०० हेक्टरसम्म, पहाडमा ५० हेक्टरसम्म र हिमालमा २५ हेक्टर सम्म | ५ | ५ | ५ | ५ |
| मर्मत सम्भार (AMIS, FMIS) | ७.५ | ७.५ | ७.५ | ७.५ |

| नयाँ प्रविधि (नयाँ निर्माण) | मुहानको काममा लागतको प्रतिशत | मूल प्रवाहक/स्टोरेज टेंक/मेन पाइपको काममा लागतको प्रतिशत | वितरण प्रणाली/ स्प्रिङ्कलर/ ड्रिप पाइपको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| नयाँ प्रविधिमा आधारित सि. प्र. तथा माइक्रो इरिगेसन | ० | ३ | १५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| भूमिगत सिंचाइ | ट्युबवेल, पम्प र पम्प हाउसको काममा लागतको प्रतिशत | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| (क) नयाँ निर्माण | | | |
| डिप ट्युबवेल | २ | ३ | ० |
| (ख) सुदृढीकरण | | | |
| डिप ट्युबवेल सुदृढीकरण/आवधिक मर्मत | ३ | १० | ० |

| भूमिगत सिंचाइ | ट्युबवेल जडान | पम्प तथा वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| नयाँ निर्माण | | | |
| स्यालो ट्युबवेल | ० | ५ | ० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| लिफ्ट सिँचाइ/वैकल्पिक ऊर्जा सिँचाइ | सम्पवेल, स्टोरेज टैंक र पम्प हाउसको काममा लागतको प्रतिशत | मूल नहर/ मेन पाइप | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क) नयाँ निर्माण | | | | |
| १०० हेक्टरसम्म | ० | ५ | ७ | ० |
| १०० हेक्टरभन्दा बढी | ० | ० | ७ | ० |
| (ख) सुदृढीकरण | | | | |
| १०० हेक्टरभन्दा बढी क्षेत्रफल भएको प्रणालीहरूको सुदृढीकरण/आवधिक मर्मत सम्भार | ० | ५ | १० | ० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**द्रष्टव्य** १.सिँचाइ आयोजनाको क्षेत्रफल तथा सिँचाइ प्रणालीको विस्तारको आधारमा कतिपय आयोजनाहरूमा शाखा, उपशाखा, प्रशाखा नहरहरूमध्ये कुनै वा सबै नहरहरू नहुन पनि सक्छन् ।

२. भूमिगत सिँचाइतर्फ स्यालो तथा डिप ट्युबवेल र लिफ्टको विद्युत् महसुल र सञ्चालनको खर्च सम्बन्धित जल उपभोक्ता संस्थाले व्यहोर्नुपर्नेछ ।

३. खडेरी, बाढी, पहिरो, अनिकालजस्ता अप्रत्याशित प्राकृतिक प्रकोपहरूको प्रभाव कम गर्न त्यस्ता क्षेत्रहरूमा प्रदेश सरकारले तत्काल सिँचाइका विशेष कार्यक्रम सञ्चालन गर्नेछ।

४. डिप ट्युबवेल निर्माणका लागि आवश्यक जग्गा सम्बन्धित जल उपभोक्ता संस्थाले नै उपलब्ध गराउनुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ११

(नियम २७ को उपनियम (१) सँग सम्बन्धित)

### जल उपभोक्ता संस्था दर्ताको लागि दिइने दरखास्त फाराम

श्री ............ सिँचाइ डिभिजन

............।

सिँचाइको सामूहिक उपयोगसमेतको लागि उपभोक्ता संस्था दर्ता गर्न आवश्यक परेकोले सिँचाइ नियमावली, २०८१ को नियम २७ को उपनियम (१) बमोजिम रु. १००। दस्तुर तथा उपभोक्ता संस्थाको विधान दुई प्रतिसमेत यसैसाथ संलग्न राखी यो दरखास्त दिएका छौं ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :

२. उपभोक्ता संस्थाको उद्देश्य :-

३. उपभोक्ता संस्थाले उपयोग गर्ने कुलो÷कुलेसो÷प्रशाखा÷शाखा नहर/भूमिगत जल सिँचाइ प्रणालीको नाम :-

४. उपभोक्ता समितिको कार्यसमितिको निर्णय प्रतिलिपिः

५. पदाधिकारीहरूको नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपिः

६. उपभोक्ता संस्थाको पदाधिकारीहरूको नाम :-

७. उपभोक्ताहरूको मञ्जुरी लिखत :-

८. अन्य आवश्यक कुरा : (कुनै भए उल्लेख गर्ने)

माथि उल्लिखित विवरण ठीक साँचो छ ।

जल उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने पदाधिकारीको :-

पूरा नाम थरः ......................

नागरिकता प्रमाणपत्र वा रास्ट्रिय परिचयपत्र नम्बरः .................

पदः ...................................

हस्ताक्षरः ..............................

ठेगानाः ...............................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**अनुसूची- १२**

(नियम २७ को उपनियम (३) सँग सम्बन्धित)

# <u>जल उपभोक्ता संस्था दर्ता प्रमाणपत्र</u>

..........प्रदेश सरकार

............. सिँचाइ डिभिजन

मिति :......................

दर्ता प्रमाणपत्र नं. ........................

श्री .......................... उपभोक्ता संस्था

...............

उपभोक्ता संस्था दर्ता गर्नको लागि त्यस संस्थाले मिति ...................... मा दिएको दरखास्तको सम्बन्धमा कारबाही हुँदा सिँचाइ नियमावली, २०८१ को नियम २७ बमोजिम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :-

२. उपभोक्ता संस्थाको उद्देश्य :-

३. उपभोक्ता संस्थाको पदाधिकारीहरूको नाम :-

४. उपभोक्ता संस्थाको उपयोग गर्ने कुलो कुलेसो प्रशाखा/शाखा नहर

...............
कार्यालयको छाप

प्रमाणपत्र दिने अधिकारीको-
नाम ...................................
हस्ताक्षर ..................................
पद ....................................
मिति ..................................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- १३

(नियम ५० को उपनियम (३) सँग सम्बन्धित)

**कृषक जल उपभोक्ताहरूबाट उठ्ने सिँचाइ सेवा शुल्कको बाँडफाँट तालिका**

| प्रणाली सञ्चालनमा सहभगीताको स्थिति | प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरिने अंश | सिँचाइ विकास कोषमा जम्मा गरिने अंश | उपभोक्ता संस्थाले पाउने अंश |
|---|---|---|---|
| १. कुलो र सोभन्दा मुनि जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र कुलोभन्दा माथिको प्रदेश सरकारले व्यवस्थापन गरेको हकमा | ४०% | ४०% | २०% |
| २. प्रशाखा नहर र सोभन्दा मुनि जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र प्रशाखा नहरभन्दा माथिको प्रदेश सरकारले व्यवस्थापन गरेको हकमा | ३०% | ३०% | ४०% |
| ३. उपशाखा नहर र सोभन्दा मुनि जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र | २०% | २०% | ६०% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| उपशाखा नहरभन्दा माथिको प्रदेश सरकारले व्यवस्थापन गरेको हकमा | | | |
| ४. मूल नहरभन्दा मुनिको सबै नहरहरू उपभोक्ता संस्थाबाट र बाँकी प्रदेश सरकारले व्यवस्थापन गरेको हकमा | २०% | ०% | ८०% |
| ५. हेडवर्क्सबाहेक मूल नहरसहित अन्य सम्पूर्ण संरचना जल उपभोक्ता संस्थाको व्यवस्थापनमा रहेको हकमा | २०% | ०% | ८०% |
| ६. सम्पूर्ण योजना हस्तान्तरण भएको हकमा | २०% | ०% | ८०% |

**स्वीकृत मिति : २०८१।०७।०७**
**प्रकाशन मिति : २०८१।०७।१३**

आज्ञाले,
प्रदिप बान्तवा
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश